"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन,र सञ्चार समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

# तिलागुफा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गाल्जे ,कालीकोट

**सोह्रौं नगर सभामा प्रस्तुत**

**प्रगति प्रतिवेदन २०८१**

मिति २०८१ साल फागुन ०३ गते

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन,र सञ्चार समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

# तिलागुफा नगरपालिका

## गाल्जे कालिकोट

## १६ औं नगर सभामा प्रस्तुत प्रतिवेदन २०८१

मिति २०८१।११।३ गते

सभाध्यक्ष ज्यू,
प्रमुख अतिथि ज्यू,
विशेष अतिथिज्यू,
नगरपालिकाका विषयगत समितिका संयोजकज्यूहरु
सम्पूर्ण नगर कार्यपालिकाका पदाधिकारीज्यूहरु ,
सम्पूर्ण नगर सभाका सदस्यज्यूहरु
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नगर पालिकाका शाखा प्रमुख तथा कर्मचारी मित्रहरु,
पत्रकार बन्धुहरु ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस तिलागुफा नगरपालिकाको आर्थिक बर्ष २०८१।०८२ को अर्ध वार्षिक समिक्षाको लागि पन्ध्रौ नगर सभाबाट स्वीकृत आ.व. ०८१।०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा भए गरेका क्रियाकलापहरुको अर्ध वार्षिक समिक्षात्मक प्रगति विवरण सम्मानित गरिमामय सोह्रौं नगर सभाको प्रस्तुतीकरण कार्यक्रममा पाल्नु भएका सबै पेशा, वर्ग सेवामा आवद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा सर्वप्रथम तिलागुफा नगरपालिका,कालिकोटको तर्फवाट हार्दिक स्वागत गर्दछु ।

### चालु आ व २०८१।०८२ ले लिएका उद्देश्यहरु

क) रोजगारी तथा आर्थिक बृद्धिका लागि स्वरोजार मूलक कार्यक्रम मार्फत आत्मनिर्भर बनाउने।

ख) भौतिक पूर्वाधार र जलविद्युत उत्पादन मार्फत दिगो तथा फराकिलो आर्थिक उन्नति गरी गरिबी न्यूनीकरणमा जोड दिने ।

ग) आत्म निर्भर समाजको निर्माण गर्ने।

घ) ज्येष्ठ नागरिक, महिला,दलित, फरक क्षमता भएका व्यक्ति पिछडिएको वर्ग तथा समुदायको समानुपातिक विकासमा जोड दिइ उपलब्ध श्रोत साधनहरुलाई न्यायोचित वितरण गर्दै समावेशी र दिगो विकासको अवधारणा आत्मसाथ गर्ने ।

ङ) पर्यटकीय गन्तव्यको पहिचान तथा विकास गरी पर्यटन पर्वद्धनमा जोड दिने ।

च) विकास सहयात्रीहरु सँगको निरन्तर सहकार्य मार्फत रोजगारीका अवसरहरु सिर्जना गर्ने ।

छ) आर्थिक, भौतिक, सामाजिक र वातावरणीय क्षेत्रमा दीगो पूर्वाधार विकास मार्फत समुन्नत र सुदृढ नगर बनाई राष्ट्रको विकासमा टेवा पुयाउने ।

ज) रोजगारी श्रृजना तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

झ) प्रभावकारी सेवा मार्फत सुशासन र मितव्ययितामा आधारित नगरपालिका निर्माण गर्ने ।

ञ) विपद् जोखिम न्यूनीकरण सम्बन्धी आवश्यक पूर्वाधार तयार गर्ने ।

ट) रैथाने वालीहरुको संरक्षण प्रवर्द्धन र बजारीकरण गर्दै कृषि आत्मनिर्भर नगरपालिका घोषणाको अभियान साकार पार्ने ।



शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

**सभाध्यक्ष ज्यू ,**

अब म यस तिलागुफा नगरपालिकाको चालु आर्थिक वर्ष २०८१।०८२ मा नगर कार्यपालिकाको कार्यालयले मिति २०८१ साउन १ गते देखि हाल सम्म सम्पादन गरेएका विभिन्न क्रियाकलापहरुको एकीकृत प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आर्थिक वर्ष २०८१।०८२ को लागि संघीय सरकार वित्तिय समानिकरण,संघीय सरकार सशर्त अनुदान, संघिय सरकार सम्पूरक अनुदान , संघीय सरकार राजस्वबाँड र प्रदेश सरकार वित्तय समानीकरण,प्रदेश सरकार सशर्त अनुदान, प्रदेश सरकार राजस्वबाँड र पालिकाको आन्तरिक आय समेतको ६० करोड ७१ लाख ९७ हजार ३ सय ५८ रुपैया स्वीकृत भएको र कूल ३३.४८ प्रतिशत वित्तिय प्रगति हाँसिल गरी १६ औं सभामा पेश गरेको छु ।२०८१ साल माघ मसान्त सम्म चालु तर्फ रु १८ करोड ८८ लाख ५४ हजार ६ सय ७१ रुपैया ८७ पैसा अर्थात ४१.१७ प्रतिशत र पूँजीगत तर्फ १ करोड ४४ लाख ५२ हजार ७४ रुपैया अर्थात ९.७४ प्रतिशतले रकम खर्च भएको छ । जुन विनियोजित रकमको ३३.४८ प्रतिशत हुन आउछ । विषय क्षेत्रगत विनियोजन र खर्चको विवरण देहाय बमोजिम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| क.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १२७५७६००. | २४४०२७८. | १९.१३ | १०३१७३२२. |
| २ | सामाजिक विकास | ३४९८९७५००. | १४१५९३३५७.२६ | ४०.४७ | २०८३०४१४२.७४ |
| ३ | पूर्वाधार विकास | १०२५२४०००. | ५७२४०२५. | ५.५८ | ९६७९९९७५. |
| ४ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | ९८१२०००. | ५२४५८३. | ५.३५ | ९२८७४१७. |
| ५ | वन, वातावरण तथा विपद् व्यवस्थापन | ४४०००००. | १३१३१६१. | २९.८४ | ३०८६८३९. |
| ६ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२७८०६२५८. | ५१७११३४१.६१ | ४०.४६ | ७६०९४९१६.३९ |
| जम्मा | | ६०७१९७३५८. | २०३३०६७४५.८७ | ३३।४८ | ४०३८९०६१२.१३ |

**आन्तरिक राजस्वको प्रक्षेण र आयको अवस्था :**

आर्थिक वर्ष २०८१।०८२ को आन्तरिक आय रु २५ लाख प्रक्षेपण गरिएकोमा माघ मसान्त सम्म रु १७ लाख ९ हजार ५ सय ९५ रुपैया सङ्कलन भएको छ । जुन प्रक्षेपणको ६८.३८ प्रतिशत रहेको छ । आगामी आर्थिक वर्ष २०८२।०८३ को बजेटको सिमा निर्धारण गर्ने शिलशिलामा २०८१ साल पौष ०५ गते बसेको राजस्व परामर्श समितिको बैठक बसी आय व्ययको प्रक्षेपण कार्य सम्पन्न गरी सोको प्रतिवेदन संघीय अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग , आर्थिक मामिला तथा योजना मन्त्रालय लगायत विभिन्न निकायमा पठाउने कार्य सम्पन्न भएको छ ।



शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन,र सञ्चार समृद्धि तिलागुफाको लागि सबल स्थानीय सरकार"

**प्रशासनिक शासकीय प्रबन्ध :**

यस नगरपालिकाको नगर सभामा ६० जना सदस्य रहने प्रावधान रहेकोमा २ जना सदस्य जिल्ला समन्वय समितिको सदस्यमा निर्वाचित हुनु भएको र हाल ५८ जनाको नगर सभा रहेको छ भने २१ जनाको नगर कार्य समिति मौजुदा रहेको छ ।मिति २०८१ साल साउन १ गते देखि हालका सम्म कार्यपालिकाको मासिक बैठक न्यूनतम १ पटक बस्ने गरेको र आर्थिक वर्ष २०८१।०८२ मा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तय गरेको आ. व. २०८०।०८१ को **स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा** ९७.२५ अंक प्राप्त गरेको , स्थानीय तहको वित्तीय जोखिम मुल्याङ्कनको प्रकाशनको लागि जिल्ला समन्वय समितिको कार्यालयमा पेश गरिनुका साथै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगबाट मूल्याङ्कन भई ६२.६ अङ्क प्राप्त गरी कालीकोट जिल्लाका स्थानीय तहहरु मध्ये उत्कृष्ट पालिका हुन सफल भएको छ ।यस नगरपालिकाले हाल सम्म कूल जम्मा ६७ ऐन,नियम, कार्यविधि, मापदण्ड, निर्देशिका र ५ वटा योजना निर्माण भई कार्यान्वयनमा रहेका छन भने केही तयार भई अनुमोदनको चरणमा रहेका छन ।

**भौतिक पूर्वाधार तर्फ :**

आर्थिक वर्ष २०८१।०८२ मा जम्मा ७५ वटा पूर्वाधार विकास आयोजनाहरु तथा कार्यक्रम रहेका छन जस मध्ये ५५ योजना तथा कार्यक्रमहरुको सम्झौता कार्य भई निर्माण कार्य निरन्तर रुपमा सञ्चालन भईरहेका छन भने २ वटा योजना तथा कार्यक्रमहरुको ठेक्का प्रकृयाको सूचना प्रकाशन भई ठेक्का छनौट तथा सम्झौता भई निर्माण कार्य अघि बढिरहेको छ । USAID को साझेदारीमा सञ्चालनमा रहेका ३ वटा बयोजना तथा कार्यक्रमहरु हाललाई निर्माण कार्य स्थगित राखिकएको छ भने कार्य स्थालमा भएका सामाग्रीहरु रेखदेखका लागि उपभोक्ता समिति तथा वडालाई जिम्मेवारी बनाईएको छ । योजनाहरुको दिगोपन र गुणस्तरीयताको लागि निरन्तर अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्य गरिरहेको छ । योजनाको मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको स्थापना गरि कार्यान्वयन ल्याईएको छ साथै यस नगरपालिकाका सार्वजनिक महत्व बोकेका आयोजनाहरुको निर्माण कार्य सञ्चालनको लागि संघ तथा प्रदेश सरकारलाई अनुरोध गरिएको छ ।नगरपालिकाका सम्पूर्ण वडाहरुमा सडक सञ्जाल जोडी यातायात सुविधा सुनिश्चित गर्न गाल्जेगाड,भैसीगौडा र रताडा पुल निर्माणका लागि सम्वन्धित निकायमा अनुरोध गरिएको छ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रम तर्फ:**

प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रममा यस चालु आ. व. २०८१।०८२ मा जम्मा २२ वटा आयोजनाहरु सञ्चालनमा रहि सो कार्यक्रमबाट हाल सम्म ५७६७ जना बेरोजगारलाई प्रत्यक्ष संलग्न गराई २२ वटै योजनाहरुको सर्भे डिजाइन र सम्झौताको कार्य सम्पन्न गरी कार्यान्वयन गर्ने चरणमा रहेको छ ।

**पञ्जिकरण तथा सामाजिक सुरक्षा तर्फ:**

सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम अन्तर्गत पहिलो त्रैमासिकमा ४४५० जना लाभग्राहीहरुलाई रु २ करोड ३६ लाख ७६ हजार ७ सय ३२ रुपैया र दोस्रो त्रैमासिकमा ४४३६ जना लाभग्राहीहरुलाई रु २ करोड ३९ लाख ७८ हजार ८ सय ७० रुपैया गरी कूल जम्मा रकम रु ४ करोड ७६ लाख ५५ हजार ६ सय २ रुपैया सम्वन्धित लाभग्राहीहरुको खातामा जम्मा गरिएको छ ।साथै व्यक्तिगत घटना तर्फ यस आ व को श्रावण देखि हाल सम्म ८४१ व्यक्तिगत घटना दर्ता भएका छन ।



शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

**सूचना प्रविधि तर्फ :**

यस तिलागुफा नगरपालिकामा सञ्चालन हुने विभिन्न गतिविधिहरु website मार्फत सार्वजनिक गर्ने गरेको ,सूचना प्रेषण गर्दा Group SMS र Facebook page मार्फत सार्वजनिक गर्ने गरेको । नगरपालिकाका सम्पूर्ण ठेक्का पट्टा आव्हान गर्न E-bidding प्रणाली मार्फत गर्ने गरेको र आर्थिक प्रशासन शाखा, राजस्व शाखा, पञ्जीकरण शाखा, स्वास्थ्य शाखा,प्रधानमन्त्री रोजगार लगायत विभिन्न शाखाबाट सूचना प्रणालि मार्फत क्रियालाप सञ्चालन गर्दै आईरहेको र Digital नगरपालिकाको लागि आवश्यक प्रकृया अगाडि बढाईएको छ ।कार्यालयको सबै शाखा तथा वडा कार्यालयसँग समन्वयात्मक भूमिका खेली सूचना प्रविधिको क्षेत्रमा आएका समस्या समधान गर्ने गरिएको छ ।

**महिला वालवालिका तथा समाज कल्याण तर्फ :**

यस तिलागुफा नगरपालिकाले आर्थिक वर्ष २०७७।०७८ देखि आर्थिक वर्ष २०८१।०८२ सम्म बालबालिकाको क्षेत्रमा विनियोजित बजेट तथा खर्चको समिक्षा गरि सार्वजनिकरण गरिएको छ। बाल सञ्जालको कार्ययोजना निर्माण, अपांगत परिचयपत्र वितरण, सरकारी तथा गैर सरकारी संस्थाको सहजिकरणमा अपांगता पहिचान शिविर सञ्चालन गरिएकोमा शहिद तथा घाइते परिवारहरुको लगत सङ्कलन गरी जिवन निर्वाह भत्ता वितरण कार्यको लागि प्रदेश सरकारलाई अनुरोध गरिएको छ ।

**शिक्षा तथा खेलकुद तर्फ :**

यस नगरपालिका भित्रका रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुको निरन्तर रुपमा अनुगमन प्रणाली अबलम्बन गर्दै न्यून आयस्रोत भएका र सिमित नगर अनुदानबाट सञ्चालित विद्यालयहरुको दरबन्दी, पदपूर्ति व्यवस्थापन लगायत भौतिक पूर्वाधार निर्माणको कार्य सञ्चालन भइरहेको छ ।खेलकुद क्षेत्रमा राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिताका कार्यक्रमहरु सम्पन्न गरी विभिन्न विदामा उत्कृष्ट स्थान हाँसिल गर्ने खेलाडीहरुलाई पुरस्कार वितरण तथा सम्मान कार्यक्रमहरु सम्पन्न गरिएको छ साथै यस तिलागुफा नगरपालिकाको वडा नं ३ स्थित श्री महादेव माध्यामिक विद्यालयलाई हिमाली आवासीय विद्यालयको रुपमा स्तरोउन्नती गरिएको छ ।

**स्वास्थ्य**

स्वास्थ चौकी छाप्रेको नवनिर्मित सुविधा सम्पन्न भवनबाटसेवा प्रवाह गरि नगरबासीहरुको प्रभावकारी स्वास्थ्य सेवालाई मध्यनजर गर्दै नगर अस्पताल रौंचुलीमा सादा एक्सेर सेवा र ग्रामीण अल्ट्रा साउण्ड कार्यक्रम निरन्तर रुपमा सञ्चालन गरिएको छ ।यस नगरपालिका अन्तर्गत रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरुको स्तरोउन्नती गरी आवश्यक स्वास्थय उपकरण तथा औषधिजन्य वस्तुहरुको उचित प्रबन्ध मिलाईनुका साथै पाठेघरको मुखको क्यान्सर विरुद्धको , HPV खोप कार्यक्रमलाई प्रभावकारी रुपले कार्यान्वयन गर्ने योजना निर्माण गरी वडा नं ८ लाई पोषण मैत्री वडा घोषणाका लागि आवश्यक प्रक्रिया थालनी गरिएको छ ।

**वन वातावरण तथा विपद् व्यवस्थापन तर्फः**

विभिन्न समयमा प्राकृतिक विपत्ती ( आगोलागि,बाढी पहिरो ) बाट पूर्ण रुपमा क्षति घरहरुको पुननिर्माण तथा लाभग्राहीको खातामा रकम निकासाका लागि विभिन्न सरोकारवाला निकायहरुमा पहल गरि क्षतिग्रस्त घरहरुको लगत सङ्कलन, डिजाईन सर्भे लगायत लेआवटका कार्यक्रमहरु सम्पन्न गरी पिडित नागरिकलाई तत्काल राहतका वितरण कार्यका लागि विभिन्न सरकारी तथा गैर सरकारी संस्थालाई अनुरोध गरिएको छ ।



शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

### कृषि विकास तर्फ :

नगरपालिकाका विभिन्न वडामा रहेका कृषि फर्महरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्य सम्पन्न गरी कृषि पकेट क्षेत्र विकास कार्यक्रमका लागि आवेदन माग गरि कृषि फर्महरुको छनौट प्रक्रियामा जम्मा २४ वटा पुराना कृषि फर्महरुको नविकरण तथा थप ७ वटा नयाँ कृषि फर्म दर्ता गर्ने कार्य सम्पन्न गरिएको छ र कृषकको माग र आवश्यकताको आधारमा विभिन्न कार्यक्रमहरु लागु गर्ने रणनीतिक योजना तर्जुमा गरिएको छ ।

### पशु विकास तर्फ

जिल्ला पशु सेवा कार्यालयको आयोजना तथा यस नगरपालिकाको समन्वयमा तिलागुफा नगरपालिकाको १ नं वडामा पशु स्वास्थ्य शिविर सञ्चालन भई उक्त शिविरबाट २८६ वटा पशुपंक्षीको उपचार गरिनुका साथै १३ वटा पशुलाई बन्ध्याकरण गर्ने कार्य सम्पन्न गरी नगरपालिकामा दर्ता भएका ४९ पशुपंक्षी पालन समूह, ८६ वटा पशुपंक्षी फर्म , ५ वटा सहकारी र ४ वटा समूहको नवीकरण तथा अनुगमन तथा सुपरिवेक्षण कार्य गरि थप पृष्ठपोषण दिइएको छ भने विभिन्न किसिमका प्रकोपबाट पशुपालक कृषकहरुले व्यहोर्नु परेको क्षतिको लगत सङ्कलन गरी राहतका लागि विभिन्न निकायमा आवश्यक समन्वय गरिएको छ । साथै पशु विमा कार्यक्रमका लागि विभिन्न सरकारी तथा गैर सरकारी निकायसँग समन्वय तथा छलफल गरि एकीकृत पशु विमा प्रणालीबाट कार्यक्रम सञ्चालनका लागि आवश्यक पहल गरिएको छ ।

### लघुउद्यम तर्फ :

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालबाट रु १० लाख भन्दा कम पूँजीका उद्योगहरको दर्ता नवीकरण र क्षेत्र निर्धारण कार्यहरु सम्पन्न गरी नगरपालिका क्षेत्र भित्रका ५५० वटा फर्म मध्ये यस वर्षमा २० वटा फर्महरु नविकरण ,६ वटा फर्म दर्ता गरी सम्पूर्ण कार्य नगरपालिकाको कार्यालयबाट सञ्चालन हुँदै आएको। यस अघि सिप विकास तालिम लिएका २०० जना नयाँ उद्यमी र ८० जना उद्यमीहरुलाई स्तरोन्नतिका तालिम कार्यक्रमहरुको प्रक्रिया अगाडी बढाईएको छ ।

### जिन्सी तर्फ

यस कार्यालय तथा मातहातका निकायको नाममा रहेका मेशिनरी औजार, सवारी साधन , फर्निचर, भवन, जग्गा जमिन लगायत अन्य विभिन्न नगद तथा जिन्सी सामाग्रीहरुको अभिलेख व्यवस्थापनलाई एकिकृत सूचना प्रणाली मार्फत अभिलेख राखिएको छ भने पुन: प्रयोगमा आउन नसक्ने सवारी साधन लगांयत अन्य मेशिनरी औजारहरुको पहिचान गरि लिलाम प्रकृया अगाडि बढाउन आवश्यक पहल गर्दै कार्यालयलाई आवश्यक पर्ने सामाग्रीहरुको उचित भण्डारण तथा आवश्यकता अनुसार आपूर्ति गर्ने कार्यको लागि चालु आ व २०८१।०८२ मा सार्वजनिक खरिद योजना निर्माण गरी कार्यान्वयन गरिएको छ ।

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

**न्यायिक निरुपण :**

यस नगरपालिकाको स्थानीय न्यायिक समितिका र मेलमिलाप केन्द्रका पदाधिकारीको क्षमता अभिवृद्धि गर्दै सचिवालयमा दर्ता तथा दायर गरिएका विभिन्न किसिमका मुद्दा, मामिला तथा झैझगडाहरुको मेलमिलाप फर्छ्यौट , पुनरावेदन र अभिलेख व्यवस्थापनको कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ ।

**अन्तयमा**

आजको यस गरिमामय सोहौं नगर सभाको उद्घाटन कार्यक्रममा प्रस्तुत गरिएको यस नगरपालिकाको आ.व.२०८१।०८२ को प्रथम चौमासिक देखि हाल सम्मको एकीकृत प्रगति विवरण तयार गर्न कार्यमा सहयोग पुऱ्याउनु हुने नगर प्रमुख, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण शाखा प्रमुख ज्यूहरुलाई हार्दिक धन्यवाद दिँदै यस नगरपालिकाको समवृद्धिका लागि यहाँहरुको सदैव साथ सहयोग रहने छ भन्ने पूर्ण विश्वास लिइएको छु । धन्यवाद ।

महेन्द्र बहादुर शाही
नगर उप प्रमुख
तिलागुफा नगरपालिका ,कालीकोट

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख